# इलाका प्रशासन कार्यालय, उर्लाबारी

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३)

र

नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## स्वतः प्रकाशन (Pro-active Disclosure)

(२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्म)



## चौथो त्रैमासिक प्रगति विवरण

२०८३ श्रावण

## १. सामान्य पृष्ठभुमि

### (क) उर्लाबारी नगरपालिकाको सामान्य परिचय

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई बनेको एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँ पालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुन्द्री सतहबाट २६°६७' डिग्रि उत्तरी अक्षांश तथा ८७°६१' डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको पाइन्छ । अधिकांश भू–भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबद्र्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ।

### (ख) पथरी शनिश्चरे नगरपालिकाको सामान्य परिचय

मोरङ जिल्लाको उत्तरपूर्वी क्षेत्रमा पूर्व पश्चिम राजमार्गसँग जोडिएका साबिक पथरी र शनिश्चरे गा.वि.स. लाई मिलाएर बि.सं. २०७१ सालमा पथरी शनिश्चरे नगरपालिका गठन भएको थियो । नेपाल सरकारबाट स्थानीय तहको पुनःसंरचना गर्ने क्रममा साविक हसन्दह गा.वि.स.लाई समेत मिलाएर मिति २०७३ फाल्गुन २७ गते हालको पथरीशनिश्चरे नगरपालिका स्थापना भएको हो । यस नगरपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार ७२,६८९ रहेको छ।

**भौगोलिक अवस्थिति**

- अक्षांश – दक्षिणमा २६°३६' र उत्तरमा २७°३९'
- देशान्तर – पश्चिममा ८७°३१' पूर्बमा ८७°३४'
- सिमाना पूर्ब : उर्लाबारी नगरपालिका

- पश्चिम : कानेपोखरी गाउँपालिका
- उत्तर : लेटाङ नगरपालिका
- दक्षिण : सुनवर्षी नगरपालिका

- वडा संख्या : १०
- क्षेत्रफल : ७९.८१ बर्ग कि.मि.
- कृषियोग्य जमिन : ९,५९८ हेक्टर
- कृषि क्षेत्र : ८५ प्रतिशत
- गैरकृषि क्षेत्र : १५ प्रतिशत
- घरधुरी संख्या : १६,६२१ (राष्ट्रिय जनगणना २०७८)
- परिवार संख्याः १८,१९१ (राष्ट्रिय जनगणना २०७८)
- महिला : ३८,४२६ (राष्ट्रिय जनगणना २०७८)
- पुरुष : ३४,२६३ (राष्ट्रिय जनगणना २०७८)
- अपाङ्गता भएकाहरु : १,३६९
- जातजाति : ४७ ( ३३ भाषाभाषी)
- साक्षरता प्रतिशत : ८१.६४

यो नगरपालिका पूर्वपश्चिम लोकमार्गको करिब ४ ( चार ) कि.मि. मा फैलिएको छ । पूर्वमा सुनझोडा खोला र बक्राहा खोला तथा पश्चिममा डाँस मोरङ्गी खोलाले छुट्याएको छ । यस नगरपालिकाका बासिन्दाको मुख्य पेशा कृषि हो भने अन्यमा ब्यापार ब्यबसाय रोजगारी लगायत रहेको छ । यस नगरपालिकाभित्र बग्ने पथरीखोला मुख्य सिंचाईको श्रोत हो भने जाल्पा भुल्के देबि मन्दिर क्षेत्रको आसपासमा प्रशस्त सिमसार क्षेत्र रहेको छ जो पर्यटकीय दृष्टिकोणबाट अत्यधिक महत्वूपर्ण मानिन्छ ।

### (ग) लेटाङ नगरपालिकाको सामान्य परिचयः

लेटाङ नगरपालिका क्षेत्र प्राचीन समयमा धिमालहरूको राजधानी थियो । खासगरी लेटाङ बजारको पश्चिममा रहेको चिसाङ खोला तरेपछि केही उत्तरतिर जाँदा पुगिने राजारानी पोखरी भएको ठाउँमा धिमाल राजाको दरबार थियो भन्ने किंबदन्ति छ । त्यसैले यस क्षेत्रका पुराना बासिन्दाहरुको धिमालको भाषाबाट लेटाङ नाम रहन गएको भनाइ छ । यहाँका आदिवासी धिमालहरू हुन् । लेटाङको नामकरण धिमाल भाषाको लेटा शब्दबाट भएको मानिन्छ । प्राचीन धिमाल भाषामा लेटाको अर्थ पहाडबाट झरेको समथर भूभाग भन्ने हुन्छ । धिमाल पोखरी भनेर चिनिने राजारानी डाँडाबाट हेर्दा हालको लेटाङ पहाडसँग जोडिएको समथर भूभाग देखिन्छ । त्यसैले त्यसलाई धिमालहरूले लेटा भने । त्यति बेला लेटा जङ्गलले भरिएको थियो।त्यही बेलाको लेटा शव्द उच्चारण गर्दै जाँदा कालान्तरमा अपभ्रंश भई लेटाङ भएको हुनुपर्दछ। त्यही आधारमा त्यस भूमिलाई लेटाङ भन्ने गरियो । त्यही लेटा अहिलेको लेटाङ बनेको हो भन्ने बुझाइ छ ।

लेटाङ नगरपालिका क्षेत्रको ऐतिहासिक पृष्ठभूमि खोजी गर्दा यो क्षेत्र प्राचीन प्राग्ज्योतिष राज्यभित्र पर्दथ्यो। पछि गएर यसबाट मत्स्यदेश अलग हुँदा लेटाङ भेग मत्स्यदेशमा पर्न पुग्यो । यदाकदा मिथिला, पुण्ड्र र किराँतहरूको अधीनमा पर्ने तथा यस भेगका स्थानीय शासकले शासन गर्ने कार्य गर्दै पछि यो क्षेत्र मुरेहांगको मोरङ भित्र पर्‍यो। यसैगरी विजयपुर राज्यको स्थापना भए पछि भने लेटाङ क्षेत्र विजयपुर कै अधीनमा रह्यो ।

तत्कालीन समयमा लेटाङ क्षेत्रलाई घना जङ्गलले ढाकेको थियो भन्ने गरिन्छ । यहाँका नदी किनारा भागमा केही जातजातिका मानिसहरूका स-साना वस्तीहरू थिए । घना जङ्गलका कारण मानिसले खोला या नदीको किनारा भाग तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । लेटाङ भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको सङ्केत गरेका छन् । लेटाङको आसपासमा यस्ता पुराना थुप्रै प्रकारका अवशेषहरू पाइएका छन् । तिनीहरू कतिपय नासिएका छन् भने कतिपय अझसम्म पनि उजागर हुन सकेका छैनन् ।

मोरङको विजयपुरमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरूको अधीनमा पर्न पुग्यो । तत्काल पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणी पूर्वको मकवानपुर लोहांगसेनले पाएको हुनाले यो भेग पनि मकवानपुर भित्र पर्‍यो । यसैगरी हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्गै राज्य बनाएको हुँदा लेटाङ लगायतको स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो । सेनकाल भन्दा अघि नै लेटाङको दक्षिणमा रहेको कसेनी (हाल बेलबारी नगरपालिका ५) मा धनपाल नामका एकजना रजौटाले शासन गर्दथे । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि रहेको छ । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले चिनिन्छ । कालान्तरमा धनपाल रजौटाको पतन भयो । धनपालको राज्य विजयपुरमा गाभियो । यता विजयपुर पनि स्थानीय रजौटाबाट सेनहरूको अधीनमा परेको देखिन्छ । वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेसँगै यो भूभाग पनि बृहत्तर नेपालमा गाभिएको पाइन्छ ।

वि.सं. २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै हालको लेटाङ नगरपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको उत्तरी भागको रुपमा रहन पुग्यो । वि.सं. २०७१ सालमा लेटाङ र भोगटेनी गा.वि.स. मिलाएर लेटाङ भोगटेनी नगरपालिका बनाइयो । हालको नेपालको संविधानले अङ्गीकार गरेको संघीय गणतन्त्र नेपालको राज्य पुनर्संरचना गर्दा स्थानीय तह पुनर्संरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार साविक लेटाङ भोगटेनी नगरपालिकाको १ नं. वडा बाहेक सबै, जाँते गाउँ विकास समितिका १,२,५,६,७,८ र ९ वडाहरू र वारङ्गी गाउँ विकास समितिको सम्पूर्ण वडाहरूलाई मिलाएर वि.सं. २०७३/११/२७ मा लेटाङ नगरपालिका बनाइएको हो ।

<u>भौगोलिक अवस्थिति</u>

लेटाङ नगरपालिका २६° २०' देखि २६° ५३' उत्तरी अक्षांश र ८७° १६' देखि ८७° ४१' पूर्वी देशान्तरमा अवस्थित छ । मोरङ जिल्लाको उत्तरी भागमा दुई वटा गाउँपालिकासँग पूर्वी र पश्चिमी

सीमाना जोडिएको लेटाङ नगरपालिकाको केन्द्र लेटाङ बजार हो । मोरङ जिल्लाको सदरमुकाम विराटनगरदेखि पूर्व उत्तरतर्फ ४९ किलोमिटरको दूरीमा पर्दछ । लेटाङ नगरपालिका नक्सामा हेर्दा उत्तरदक्षिण लाम्चो परेर रहेको छ ।

लेटाङ नगरपालिकामा हाल ९ वटा वडाहरू रहेका छन् । यसको निर्माण गर्दाको समयको संरचना यसप्रकार रहेको छ । :

१. वडा नम्बर १ :– साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर २, ३ र ४ लाई मिलाएर।
२. वडा नम्बर २ :– साविक लेटाङभोगटेनी नगरपालिकाको ५ र ६ नम्बर वडालाई मिलाएर ।
३. वडा नम्बर ३ :– साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ७ मात्र ।
४. वडा नम्बर ४ :– साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ८ मात्र ।
५. वडा नम्बर ५ :– साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ९ र १० मिलाएर ।
६. वडा नम्बर ६ :– साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ११ मात्र
७. वडा नम्बर ७ :– साविक बारङ्गी गाविसको १ देखि ९ नम्बर वडाहरूलाई मिलाएर ।
८. वडा नम्बर ८ :– साविक जाँते गाविसको १,२,५,६ र ७ नम्बर वडालाई मिलाएर ।
९. वडा नम्बर ९ :– साविक जाँते गाविस ८ र ९ नम्बर वडालाई मिलाएर ।

लेटाङ नगरपालिकाको कार्यालय पुग्नका लागि जिल्लाको सदरमुकाम विराटनगरबाट उत्तर इटहरी वा पुष्पलालचोकबाट विराटचोक हुँदै कानेपोखरी र त्यसबाट उत्तरतर्फ ८ किलोमिटर जानुपर्दछ । यस नगरपालिकामा तराई भू-भाग तथा बाह्रैमास चिसो हुने महाभारत पर्वत श्रेणी समेत पर्दछ । भौगोलिक विषमता यस नगरपालिकाको मुख्य विशेषता हो । मोरङ जिल्लाको एक महानगरपालिका र आठ नगरपालिकाहरू मध्ये पहाडी भूभागलाई समेत समेटर यो नगरपालिका बनेको छ ।

नगरपालिकाको सिमाना पूर्वमा मिक्लाजुङ गाउँपालिका, पश्चिममा केराबारी गाउँपालिका, उत्तरमा धनकुटा जिल्लाको चौबीसे गाउँपालिका एवम् दक्षिणमा मोरङको चार वटा स्थानीय तह बेलबारी नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, कानेपोखरी गाउँपालिका र उर्लाबारी नगरपालिकासँग सीमाना जोडिएको छ । नगरपालिकाको भौगोलिक परिवेश फरक भए तापनि सीमाना जोडिएका छिमेकी पालिकासँग प्रतिस्पर्धात्मक रुपमा विकास निर्माणका कार्य गर्नुपर्ने अवस्था रहेको छ ।

तराई,चुरे क्षेत्र हुँदै महाभारत पर्वतश्रेणी सम्म फैलिएको यस नगरपालिकाको भू–उपयोगको अवस्थामा अधिकांश भूभाग कृषि क्षेत्र र वनले ओगटेको छ ।वि.सं. २०७८ को जनगणना अनुसार यस नगरपालिकाको जनसङ्ख्या ३८१५२ जना रहेको छ । यसको क्षेत्रफल २१९.२३ वर्ग कि.मि. रहेको छ । यहाँको जनघनत्व प्रतिवर्ग किलोमिटर १७४ जना रहेको छ । हाल लेटाङ नगरपालिकाले नगरप्रोफाईलका निम्ति गरिएको स्थलगत सर्वेक्षण २०८० अनुसार यस नगरपालिकामा ८६६४ घरधुरी र जनसंख्या ३८११७ रहेको देखिन्छ । यस आधारमा विश्लेषण गर्दा लेटाङ नगरपालिका मोरङ जिल्लाका नौ नगरपालिकाहरू मध्ये सबै भन्दा कम जनसंख्या र कम जनघनत्व भएको नगरपालिकामा पर्दछ ।

लेटाङ नगरपालिकाले मोरङ जिल्लाको कुल जनसंख्या ११४८१५६ को ३.३२ प्रतिशत अंश (जनगणना २०७८ अनुसार) र कुल क्षेत्रफल १८५५ वर्ग किलोमिटरको ११.८२ प्रतिशत भूभाग ओगटेको छ।

## घ) बेलबारी नगरपालिकाको सामान्य परिचयः

मोरङ जिल्ला प्राचिन कालमा विराट राजाको राजधानी र मध्यकालमा विजयपुरमा विजयनारायण पछि पाल्पाली सेन राजा लोहांगसेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरूको अधीनमा पर्न पुग्यो । तत्काल पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणी नदीदेखि पूर्वको मकवानपुर लोहांगसेनले भागीमा पाएको हुनाले यो भेग पनि मकवानपुरभित्र पर्थ्यो । यसै गरी अझ पछि भने हरिहर सेनका नाति विधाता इन्द्र सेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा बेलबारी लगायतको स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो । सेन काल भन्दा अघि नै बेलबारीको सेनकीमा धनपाल नामका एक जना रजौटाले शासन गर्दथे । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेको छ । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले जान्ने गरिन्छ । कालान्तरमा धनपालगढीको पतन भयो र धनपालको राज्य विजयपुरमा गाभियो । यता विजयपुर पनि स्थानीय रजौटाबाट सेनहरूको अधीनमा परेको देखिन्छ । यसै क्रममा वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने बेलबारी पनि बृहत्तर नेपाभित्र पर्न पुग्यो । त्यसपछि बेलबारी भेग मोरङको एउटा भागका रूपमा रहन पुग्यो ।

ऐतिहासिक कालमा यो क्षेत्र घना जङ्गलले ढाकेको थियो । अहिले पनि राजमार्ग उत्तर क्षेत्र जङ्गलले नै ढाकिएको छ । पुराना बुढापाकाहरूको भनाई अनुसार त्यस समयमा यहाँको जङ्गल क्षेत्रमा प्रशस्त बेलको रुखहरू पाइने हुनाले कालान्तरमा यस क्षेत्रको नाम नै "बेलबारी" रहन गएको हो । अर्थात् बेलै बेलको घारी भएको हुनाले यस भेगको नाम बेलबारी रहन गएको भन्ने भनाई रहिआएको छ । तर हाल भने यस भेगमा बेलको जङ्गल सामान्य मात्र रहेको पाइन्छ । नेपाल सरकारले २०७१ साल वैशाखमा साबिक बेलबारी र कसेनी गाउँ विकास समिति मिलाएर बनेता पनि पुनः २०७३ को राज्य पुनर्संरचना पश्चात् पुन यस नगरपालिकामा साबिक डाँगीहाट र बाहुनी गाउँ विकास समिति गाभिएर हालको संरचना बनेको हो । यस नगरपालिका हाल ११ वटा वडाहरूमा विभाजन गरिएको छ । कुल १३२.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरको उत्तर तर्फ लेटाङ. नगरपालिका र केराबारी गाउँपालिका पूर्वतर्फ कानेपोखरी गाउँपालिका र लेटाङ नगरपालिका पश्चिम तर्फ सुन्दरहरैचा नगरपालिका र ग्रामथान गाउँपालिका र दक्षिण तर्फ रङ्गेली नगरपालिका रहेका छन् ।

विविध कला संस्कृति र धर्मावलम्बीहरूको बसोबास रहेको यो नगर क्षेत्रमा ऐतिहासिक महत्वको धनपालगढी, प्राकृतिक र पर्यावरणीय रूपमा मनोरम स्थल बेतना सिमसार क्षेत्र, झलझली

सिमसार, पेट्रोल खानी, रमिते डाँडा लगायत अन्य सिमसार क्षेत्रको प्रचुर सम्भावना बोकेको छ जसबाट पर्यटन प्रवर्द्धनमा ठुलो टेवा पुग्ने देखिन्छ ।

वि.सं. २०७८ जनगणना अनुसार बेलबारी नगरपालिकाको कुल जनसङ्ख्या ८१ हजार ७ सय ७१ रहेको छ । जसमा महिला ४३ हजार ४ सय ७४ र पुरुष ३८ हजार २ सय ७९ रहेका छन् । तस्तै बेलबारी नगरपालिमा २० हजार ४ सय ५९ घरधुरी सङ्ख्या रहेकोमा औसत घरधुरी सङ्ख्या ४ छ भने लैङ्गिक अनुपात ८८.०९ रहेको छ ।

## ङ) मिक्लाजुङ गाउँपालिकाको सामान्य परिचयः

मोरङको मिक्लाजुङ गाउँपालिका जिल्लाको उत्तरपूर्वी भागमा पर्दछ । यसको पूर्वतर्फ ईलाम र झापा जिल्ला, पस्चिमतर्फ लेटांग नगरपालिका, उत्तरतर्फ धनकुटा र पाँचथर जिल्ला र दक्षिणतर्फ उर्लाबारी नगरपालिका रहेको छ। यो गाउँपालिका रमितेखोला र टांडी गाविसका सबै वडा तथा जाते र मधुमल्ला गाविसका केही वडाहरु मिलाएर वि.स. २०७३ सालमा पुननिर्माण गरिएको हो । गाउँपालिका निर्माणका क्रममा साबिकको रमितेखोला गाविसलाई यसको वडा नं १, टांडी गाबिसका १,६ र ७ नं. वडालाई यसको वडा नं. २ बनाइएको छ । येसैगरी टांडीका वडा नं. २,८ र ९ लाई यसको वडा नं. ३ तथा टांडीका वडा नं. ३,४ र ५ लाई यसको वडा नं. ४ कायम गरिएको छ । नया संरचनामा जाँते गाविसको वडा नं. ३ र ४ लाई यसको वडा नं. ५ तथा मधुमल्ला गाविसका ४ र ५ नं. वडालाई यसको वडा नं. ६ बनाईएको हो । यसैगरि मधुमल्ला गाविसका वडा नं. २ लाई यसको वडा नं. ७ , वडा नं. ३ लाई ८ तथा १ र ६ लाई वडा नं. ९ कायम गरिएको छ । यसरी उत्तरपूर्वी मोरङका यी चारवटा गाविसलाई मिलाएर मिक्लाजुङ गाउँपालिका बनाईएको छ । यस गाउँपालिकाको नाम भने गाउँपालिकाको उत्तरमा रहेको मोरङको सबैभन्दा अग्लो पहाड मिक्लाजुङको नामका आधारमा राखिएको हो। यस गाउपालिकाको कूल जनसंख्या वि.स. २०७८ सालको जनगणना अनुसार ३३१६७ जना रहेको छ,जसमा १७२७९ जना महिला र १५८८८ जना पुरुष छन। मिक्लाजुङको घरपरिवार संख्या भने ८३०९ जना छ। वडागत आधारमा सबैभन्दा बढी जनसङ्या भएको वडा वडा नं. ६ हो जसमा ६२०२ जनसङ्ख्या रहेको छ र सबैभन्दा कम जनसङ्ख्या भएको वडा वडा नं. ५ हो जसमा १६३९ जनसङ्ख्या रहेको छ। मिक्लाजुङ मोरङको ज्यादा पहाड भएको गाउँपालिका हो। मिक्लाजुङ गाउँपालिकाको क्षेत्रफल १५८.९८ वर्ग कि.मी. रहेको छ जसमा कृषियोग्य जमिन २६२० हेक्टर छ।

मोरङको मिक्लाजुङ गाउँपालिकामा वनक्षेत्र निकै रहेको हुनाले यहाँ जंगली जनावर पनि प्रशस्तै पाईने गरेको छ। यहाँ विभिन्न प्रकारका जिवजन्तु र चराचुरुंगीहरु पाइन्छन। मृग, खरायो, स्याल, मल्सांप्रो, ढेडु, बाँदर, लोखर्के र दुम्सी जस्ता जनवारहरु, विभिन्न प्रकारका चराचुरुंगीहरु र किटपतंगहरु यस भेगमा पाइन्छन। पुतली, कमिला, धमिरा, साप, अजिङ्गर, छेपारो र अन्य प्रकारका किरामिराका साथमा अनेक जडिबुटी पनि यहाँको वन क्षेत्रमा पाइने गर्दछन।

यसरी मिक्लाजुङ गाउँपालिका जीवजन्तुका दृष्टिले निकै महत्वपुर्ण छ। मिक्लाजुङ गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा मिक्लाजुङ डाँडा, चुली पोखरी, मिक्लुबेतेनी, नेसेलुंग डाँडा आदि पर्दछन ।

## च) कानेपोखरी गाउँपालिकाको सामान्य परिचयः

मोरङको मध्य भागमा पर्ने कानेपोखरी गाउँपालिका नक्सामा हेर्दा सिधा ठाडो करिव आयताकारमा रहेको देखिन्छ । यो गाउँपालिका बयरबन, केरौन र होक्लाबारी गाविसलाई मिलाएर वि.सं. २०७३ सालमा पुनर्संरचना गरिएको हो । कानेपोखरी गाउँपालिका निर्माणका क्रममा साविकको बयरवन, केरौन र होक्लावारीलाई मिलाइएको छ । यसमा निम्नानुसारले वडा विभाजन गरिएको छ ।

| | |
|---|---|
| होक्लाबारी गाविसका वडा नं. १ देखि ९ सम्मलाई | कानेपोखरी गापा वडा नं. १ |
| केरौन गाविसका वडा नं ३, ४ र ६ देखि ९ लाई | कानेपोखरी गापा वडा नं. २ |
| वयरवन गाविसका वडा नं. १ देखि ५ लाई | कानेपोखरी गापा वडा नं. ३ |
| वयरवन गाविसका वडा नं. ६ र ७ लाई | कानेपोखरी गापा वडा नं. ४ |
| केरौन गाविसका वडा नं १, २ र ५ लाई | कानेपोखरी गापा वडा नं. ५ |
| वयरवन गाविसका वडा नं. ८ लाई | कानेपोखरी गापा वडा नं. ६ |
| वयरवन गाविसका वडा नं. ९ लाई | कानेपोखरी गापा वडा नं. ७ |

मध्य मोरङका यी तीनवटा गाविसलाई मिलाएर कानेपोखरी गाउँपालिका बनाईएको हो । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरू छन् । यस गाउँपालिकाको नाम भने कानेपोखरी नामक पोखरीका आधारमा राखिएको छ।

### सिमाना

कानेपोखरी मोरंगको मध्य भागमा पर्ने तराईको गाउँपालिका हो । यसको पूर्वमा पथरीशनिश्चरे सुनवर्षी नगरपालिका, दक्षिणमा रंगेली नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका र उत्तरमा लेटांग नगरपालिका पर्दछन् । यस गाउँपालिकाको पूर्व र पश्चिममा मोरंगकै दुईदुईवटा नगरपालिका र उत्तर र दक्षिणतिर एउटाएउटा नगरपालिका पर्ने हुँदा नगरपालिकाहरूका बीचमा रहेको एउटा मुख्य गाउँपालिका कानेपोखरी हो भन्न सकिन्छ । विभिन्न प्रकारका प्राकृतिक श्रोतहरूले सम्पन्न यो गाउँपालिका तराईका सम्म भूभागमा पर्दछ । चारकोश झाडीको अवशेषका साथमा प्रशस्तै सिमसार र पोखरीहरू रहेको यो गाउँपालिकाको अत्यधिक जसो जमिन अति उर्बर पनि छ । तसर्थ यसलाई मोरंगको अन्नभन्डारका रूपमा पनि लिन सकिन्छ ।

### क्षेत्रफल

कानेपोखरी गाउँपालिकाको सिमाना पूर्वमा पथरी शनिश्चरे तथा सुनवर्षि नगरपालिकासँग जोडिएको छ । यो गाउँपालिका समुद्र सतहबाट करिव ७५ मिटर उचाईमा रहेको छ । यस गाउँपालिकाको भू–उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यस गाउँपालिकाभित्र

तीनवटा सामुदायिक वनका साथमा एकवटा धार्मिक वन पनि रहेका छन् । तर यस गाउँपालिकाभित्र चारकोशे झाडी पनि पर्दछ । यस गाउँपालिकाको क्षेत्रफल ८२.८३ ब.कि.मी. रहेको छ ।

<u>भौगोलिक स्वरूप</u>

कानेपोखरी मोरङको बीच भागमा पर्ने गाउँपालिका हो । चारैतिरबाट नगरपालिकाहरूले घेरेको यो गाउँपालिकाको उत्तरी भागबाट पूर्वपश्चिम लोकमार्ग गएको छ । यता कानेपोखरीदेखि रंगेलीसम्म पनि मोटरबाटो छ, जुन हाल ग्राभेल गरिएको छ भने त्यसलाई कालोपत्र गर्ने प्रयास भईरहेको देखिन्छ । यो गाउँपालिकाको सवै भूभाग सम्म तराई प्रदेशमा पर्दछ । तर पनि यसको उत्तरतिर चारकोशे झाडीमा भने अहिले पनि थुम्काथुम्की र सिमसार रहेका छन् । तर यसको ढाल दक्षिणतिर फर्किएको हुनाले यहाँका खोलानाला दक्षिणतिर बग्ने गर्दछन् । यो गाउँपालिकामा वनजंगल निकै धेरै छ भने यहाँ सिमसार र पानीका मूल पनि अनगिन्ति छन् ।

## २. निकायको स्वरुप र प्रकृति :

जिल्ला प्रशासन कार्यालय मोरङको शाखाको रुपमा स्थापना भई सार्वजनिक सेवा प्रवाह गर्दै आइरहेको यो इलाका प्रशासन कार्यालयको वि.स.२०४७ सालमा स्थापना भएको हो ।
जनतालाई यथासम्भव नजिकको स्थानबाट सेवा प्रवाह गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय, मोरङको इकाईको रुपमा मोरङ जिल्लाको उर्लाबारीमा इलाका प्रशासन कार्यालय, उर्लाबारीको स्थापना भएको हो ।नेपाल संघीयतामा रुपान्तरण भइसकेपछि स्थानीय तहको वर्तमान संरचना अनुसार चार नगरपालिकाहरु उर्लाबारी, पथरी शनिश्चरे, लेटाङ र बेलबारी (वडा नं. ८, ९, १० र ११ मात्र ।) तथा दुई गाउँपालिका मिक्लाजुङ र कानेपोखरी ( १ नं. वडा बाहेक) गाउँपालिका गरी छ वटा स्थानीय तहका जनताहरुलाई नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र लगायतका सेवाहरु यस कार्यालयले प्रवाह गर्दै आएको छ । यो कार्यालय नेपाल नागरिकता ऐन तथा नियमावलीमा तोकिएका कामहरुका अतिरिक्त बिभागीय कार्य बिवरण र प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजन वमोजिम भएका कार्यहरु सम्पादन गर्ने सार्वजनिक निकाय हो ।


## ३. निकायको काम कर्तव्य र अधिकार:

यस कार्यालयबाट आफुलाई तोकिएको क्षेत्रभित्र देहाय बमोजिमका कार्यहरु सम्पादन हुने गरेका छन्:-

१. उमेर पुगेका नेपाली नागरिकहरुलाई नयाँ तथा प्रतिलिपि नागरिकता उपलव्ध गराउने।
२. नावालकहरुको आबश्यकतानुसार नावालक परिचयपत्र उपलव्ध गराउने ।
३. नागरिकहरुको आबश्यकतानुसार बिभिन्न किसिमका सिफारिश तथा प्रमाणित कागजातहरु उपलव्ध गराउने जस्तै आदिबासी, जनजाति, मधेसी, दलित प्रमाणित ।

४. नागरिकताको अभिलेख प्रमाणित तथा CCMIS मा प्रबिष्ट गराउने ।
५. विद्युतीय राहदानी सम्वन्धि कार्य गर्ने।
६. नागरिकहरुको राष्ट्रिय परिचयपत्र विवरण दर्ता गरी विवरण संकलन गर्ने ।
७. नागरिकको स्वास्थ्य प्रति सचेत रहदै वजारमा हुने अनियमितता,तस्करी, कालोवजारी, ठगी रोकथाम गर्ने लगायतका कार्य गर्ने गराउने ।
८. सामान्य किसिमका उजुरी गुनासोहरुको सुनुवाई तथा समन्वय गर्ने गराउने ।
९. स्थानीय स्तरमा बिपद ब्यवस्थापन सम्वन्धी कार्यमा समन्वय गर्ने ।
१०. स्थानीय स्तरमा सञ्चालित बिकास निर्माण कार्यमा समन्वय गर्ने ।
११. सँस्था नवीकरण गर्ने ।
१२. आफ्नो इलाकाभित्रका कार्यालयहरुको अनुगमन गरी प्रतिवेदन गर्ने ।
१३. आफ्नो इलाकाभित्रको शान्ति सुरक्षाको बिषयमा प्र.जि.अ.समक्ष प्रतिवेदन गर्ने ।
१४. प्रमुख जिल्ला अधिकारीबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।
१५. विभागीय निर्देशन वमोजिमका अन्य कार्यहरु गर्ने ।

## ४. संगठनात्मक संरचना र दरबन्दी



## ५. कार्य जिम्मेवारी र कर्मचारी विवरण

| सि.न. | शाखा जिम्वेवारी | कोठा न | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | समग्र ब्यबस्थापन | १ | उप सचिव श्री नारायण पाण्डेय |
| २ | नयाँ नागरिकता, नागरिकता प्रतिलिपि, अभिलेख, परिचयपत्र विवरण, प्रशासन र शान्ति सुरक्षा सम्वन्धी | ११,६ | शाखा अधिकृत श्री शिव प्रसाद सुवेदी<br>शाखा अधिकृत श्री रविना ढकाल |
| ३ | अभिलेख भिडान, सनाखत, अभिलेख लेख्ने, सहिछाप गराउने परिचयपत्र विवरण रुजु लगायतका नागरिकता सम्वन्धी कार्य । | १४ | नायब सुब्बा श्री सुरेन्द्रराज दाहाल<br>नायब सुब्बा श्री इश्वर पोखरेल<br>नायब सुब्वा श्री दिपेन्द्र ओझा |
| ४ | राजश्व /आर्थिक प्रशासन/लेखा बेरुजु सम्वन्धी कार्य | ४ | लेखापाल श्री आशा कुमारी पंडित |
| ५ | प्रशासनिक कार्य र शान्ति सुरक्षा सम्वन्धी कार्य तथा राहदानी सम्वन्धी | ९ | खरिदार श्री विजय गेठाले गौतम<br>ह स चा श्री नरेश धिमाल<br>का स भोला प्रसाद चौधरी |
| ६ | कम्प्युटर इन्ट्री तथा अभिलेख भिडान इमेल | ७ | कम्प्यूटर अपरेटर श्री मान बहादुर श्रेष्ठ |
| ७ | राष्ट्रिय परिचयपत्र रुजु अधिकारी तथा विवरण दर्ता | १५,१२ | नायब सुब्वा श्री सुरेन्द्र राज दाहाल<br>कम्प्युटर अपरेटर श्री निर्मल गौतम<br>कम्प्युटर अपरेटर श्री नरेन्द्र अधिकारी<br>दर्ता सहयोगी श्री कृष्ण ओझा |
| ८ | अभिलेख खोज्ने, पठाउने, सहिछाप गराउने लगायत अन्य कार्यहरु | ७,१३ | का स श्री मोहन कुमार दाहाल |
| ९ | अभिलेख भिडान गरि पठाउने पत्राचार गर्ने | ७ | का स श्री गणेश कुमार घिमिरे |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | प्रदान गरिने सेवाहरु | पेश गर्नुपर्ने न्यूनतम कागजातहरु | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकता प्रमाण-पत्र वितरण | नागरिक वडापत्रमा उल्लेख भए वमोजिम | रु. १० को हुलाक टिकट | कागजात पुरा भएपछि सोही दिन | |
| २ | नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि | नागरिक वडापत्रमा उल्लेख भए वमोजिम | रु. १३ को हुलाक टिकट | कागजात पुरा भएपछि सोही दिन | |
| ३ | बैबाहिक अंगीकृत नागरिकताको प्रमाण-पत्र | नागरिक वडापत्रमा उल्लेख भए वमोजिम | रु. १० को हुलाक टिकट | कागजात पुरा भएपछि सोही दिन | |
| ४ | नाबालक परिचय पत्र | नागरिक वडापत्रमा उल्लेख भए वमोजिम | रु. १० को हुलाक टिकट | कागजात पुरा भए पछि १ घन्टामा | |
| ५ | आदिबासी, जनजाती, दलित सिफारिस | नागरिक वडापत्रमा उल्लेख भए वमोजिम | रु. १० को हुलाक टिकट | कागजात पुरा भए पछि १ घन्टामा | |
| ६ | संस्था नवीकरण | नागरिक वडापत्रमा उल्लेख भए वमोजिम | म्याद भित्र रु. ५००।– म्याद नाघेपछि नियमानुसार थप | कागजात पुरा भए पछि १ घन्टामा | |
| ८ | गुनासा र ठाडो उजुरी | नागरिक वडापत्रमा | रु. १० को हुलाक टिकट | कागजात पुरा भए पछि १ घन्टामा | |

| सि.नं. | प्रदान गरिने सेवाहरु | पेश गर्नुपर्ने न्यूनतम कागजातहरु | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | उल्लेख भए वमोजिम | | | |

## ७. निर्णय गर्ने प्रकृया र अधिकारी

प्रचलित ऐन नियम अनुसार नायब सुब्बास्तरबाट टिप्पणी पेश भई अधिकार प्राप्त भएका बिषयहरुमा शाखा अधिकृतस्तरबाट निर्णय हुने, कार्यालय प्रमुखबाट अधिकांश बिषयहरुमा निर्णय हुने र निर्णय गर्न अधिकार प्राप्त नभएका बिषयहरुमा प्रमुख जिल्ला अधिकारीवाट भएको निर्णय अनुसार हुने।

## ८. सूचना अधिकारी

शाखा अधिकृत श्री शिव प्रसाद सुवेदी सम्पर्क नं.९८५२०४२५५७

## ९. गुनासो सुन्ने अधिकारी

शाखा अधिकृत श्री रविना ढकाल सम्पर्क नं.

## १०. सम्पादन गरेको मुख्य कामको विवरण

### क. प्रगति विवरण (२०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको)

| सि.नं. | सम्पादित कामको मुख्य विवरण | संख्या |
|---|---|---|
| १ | नयाँ नागरिकता वितरण | ७२७८ |
| २ | प्रतिलिपी नागरिकता वितरण | ६३३१ |
| ३ | बैबाहिक अंगिकृत नागरिकता वितरण | १०२ |
| ४ | अंगिकृत नागरिकता वितरण | २६ |
| ५ | राहदानी सिफारिस | ८६९९ |
| ६ | राहदानी वितरण | ८१९६ |
| ७ | संस्था नविकरण | १३९ |
| ८ | फरक विवरण प्रमाणित | ३५ |
| ९ | आदिबासी, जनजाती, दलित प्रमाणित | २३८ |
| १० | नाबालक परिचय पत्र वितरण | ३६७ |
| ११ | राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता | २१९१९ |
| १२ | राष्ट्रिय परिचयपत्रको कार्ड वितरण | ३४१२ |

| सि.नं. | सम्पादित कामको मुख्य विवरण | संख्या |
|---|---|---|
| १३ | ठाडो उजुरी दर्ता र फछ्यौट | ७ |
| १४ | बजार अनुगमन संख्या | ३ |

## ११. आय/व्यय तथा राजश्व संकलन सम्बन्धी विवरण (२०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको)

| सि.नं. | विवरण | बजेट उपशीर्षक नम्बर | बार्षिक बजेट रु. | खर्च रु. |
|---|---|---|---|---|
| १ | इलाका प्रशासन कार्यालय, उर्लाबारी | ३१४९२०१३४ | १९,४९,०००।- | १८,८९,१८३।- |
| २ | | ३१४९२०१३३ | १,१८,२५,१६७।- | १,१२,८८,४३२.४८ |
| ३ | राष्ट्रीय परिचय पत्र तथा पञ्जीकरण विभाग | ३१४०१०११३ | ९,११,०००।- | ९,१०,४३७।- |
| ४ | | ३१४०१०११४ | ४६,०००।- | ४५,७६५।- |

<u>राजश्व सम्बन्धी विवरण</u>

| सि.नं. | राजश्व शीर्षक | जम्मा रकम रु. | |
|---|---|---|---|
| १ | राहदानी शुल्क | ४,६९,७२,५००।- | |
| २ | अन्य प्रशासनिक सेवा शुल्क | ८९,५००।- | |
| ३ | कम्पनी रजिष्ट्रेशन दस्तुर | १,४०,१००।- | |

## १२. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

<u>कार्यालय प्रमुखको</u>

नाम: श्री नारायण पाण्डेय

पद: उप सचिब

कार्यालय:इलाका प्रशासन कार्यालय उर्लाबारी

सम्पर्क नम्वर: ९८५२०४२५५६

इमेल: aaourlabari@gmail.com

<u>सूचना अधिकारीको</u>

नाम: श्री शिव प्रसाद सुवेदी

पद: शाखा अधिकृत

कार्यालय:इलाका प्रशासन कार्यालय उर्लाबारी

सम्पर्क नम्वर: ९८५२०४२५५७

इमेल: aaourlabari@gmail.com
avilekhurlabari@gmail.com

## १३. ऐन, नियम वा विनियम वा निर्देशिकाको सूची

१. नागरिकता ऐन, २०६३ तथा नियमावली, २०६३
२. स्थानीय प्रशासन ऐन, २०२८
३. राहदानी ऐन, २०७६ तथा नियमावली, २०७७
४. सुशासन (ब्यबस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५
५. सूचनाको हक सम्वन्धी ऐन, २०६४ र नियमावली, २०६५
६. हातहतियार खरखजाना सम्वन्धी ऐन, २०१९ र नियमावली, २०२८
७. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७
८. बिपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन, २०७४ र नियमावली, २०७५
९. उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६
१०. मुलुकी अपराध सहिता, २०७४
११. मुलुकी फौजदारी कार्यबिधि सहिता, २०७४
१२. गृह प्रशासन सुधार कार्ययोजना, २०७८
१३. नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३
१४. उमेर नाम र जात सच्याउने नियमहरु, २०१७
१५. संस्था दर्ता नियमावली, २०३४
१६. समय समयमा नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त परिपत्र तथा निर्देशन र प्रमुख जिल्ला अधिकारीबाट भएका निर्देशन ।

## १४. सार्वजनिक निकायको वेबसाइटमा भए सोको विवरण

इमेल: aaourlabari@gmail.com
avilekhurlabari@gmail.com
वेबसाईट: https://aaourlabari.moha.gov.np/
फेसबुकः-https://www.facebook.com/aao.urlabari1

## १५. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण : नभएको ।

## १६. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण: नभएको ।